नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

मितिः २०८२/१०/२९

पत्र संख्या :- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- 9342

**विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा ।**

श्री पावर बैंक प्रा. लि.,
बालाजु, काठमाडौं,
फोन नं.: ९८६०१३६६४०, ९८०३१६३४४१

उपरोक्त सम्वन्धमा तहाँ कम्पनीले तल्लो रिचेत खोला जलविद्युत आयोजनाको जलविद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र पाउन दरखास्त दिनुभएकोमा तपसिलमा उल्लेखित कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले उक्त विवरण/कागजातहरू विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम सात (७) दिनको समयावधि भित्र पेश गर्न हुन अनुमतिपत्र महाशाखाको मिति २०८२/१०/२५ को निर्णय (उपमहानिर्देशकस्तर) अनुसार अनुरोध छ।

तपसिलः

१. आयोजनाको लागि प्रस्ताव गरिएको क्षेत्र छोटेखोला साना जलविद्युत आयोजनाको क्षेत्र (28° 10' 00" & 84° 53' 15" to 28° 10' 41" & 84° 54' 03") संग दोहोरो देखिएकोले उक्त आयोजना संग क्षेत्र दोहोरो नहुने गरि सर्वेक्षण क्षेत्र, अनुसूची-२, टोपो नक्सामा लेआउटः नोट पछिल्लो पत्रमा पनि यो व्यहोरा उल्लेख भईसकेकोमा प्रबर्द्धक कम्पनि बाट पटक पटक एउटै क्षेत्र पेश हुदै आएको छ

२. प्रबर्द्धक कम्पनीले सि. ए. संस्था I. Dhakal & Associates ले तयार पारेको रू. १३,५०,००,०००/- (अक्षरूपीः तेह्र करोड पचास लाख मात्र) नेट वर्थ खुलेको प्रमाणपत्र (UDIN No: 250603CA00725Jfby6) पेश गरेकोमा प्रबर्द्धक कम्पनीले पेश गरेको आ. व. २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन र शेयर दर्ता किताबबाट उक्त नेट वर्थ पुष्टि हुन नसकेको र प्रबर्द्धक कम्पनीको Bank Statement पेश भएको तर उक्त Bank Statement लाई नेट वर्थ को आधार मान्न नसकिने हुँदा
   क. पेश भएको नेट वर्थ १३,५०,००,०००/- (अक्षरूपीः तेह्र करोड पचास लाख मात्र) पुष्टी हुने शेयर लागत (नोटराइज प्रति) र लेखापरीक्षण प्रतिवेदन, अथवा
   ख. लेखापरीक्षण प्रतिवेदन र शेयर लागत (नोटराइज प्रति) बाट पुष्टी हुने नेट वर्थ, उक्त नेट वर्थ विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा ८ बमोजिम पर्याप्त भएको हुनुपर्ने छ ।

(शंकर बहादुर साउद)
इन्जिनियर

बोधार्थ :

१. श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।